बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बाणगंगा, कपिलवस्तु**

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७७।११।०६

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. कोईली खोला र धिरिखोलाको नदीजन्य पदार्थको आय ठेक्का सम्बन्धमा।

२. छुट भएका राजस्वको शिर्षकहरु आ.व.०७७।७८ को आर्थिक ऐनमा समावेस गर्ने।

३. नगरको भवन निर्माण मापदण्ड संसोधन सम्बन्धमा।

४. महिला स्वयं सेविकालाई उपलब्ध गराउने प्रोत्साहन रकमको श्रोत व्यवस्थापन सम्बन्धमा।

५. भूमी सम्बन्धी ईकाईमा खटिने कर्मचारीहरुको सुविधा, पारिश्रमिक को स्रोत व्यवस्थापन सम्बन्धमा।

६. गतसालको कोईली खोलाको ठेक्काको बांकी नदीजन्य पदार्थको सम्बन्धमा

७. कर्मचारी पदपूर्ती गर्ने।

८. नगर सभामा प्रस्तुत हुने प्रगति समीक्षा सम्बन्धमा।

९. योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा।

१०. विविध

**निर्णयहरु:-**

**निर्णय नं. १**

यस नगरपालिका अन्तर्गत कोईली खोलाको नदीजन्य पदार्थको ठेक्का पट्टाको लागि मिति:२०७७।१०।१८ को मितिमा ढोरपाटन निर्माण सेवा, बागलुङ् नगरपालिका वडा नं. ११ बागलुङलाई पत्र प्राप्त भएको मितिले ७ दिन भित्र सम्झौता गर्न आउने वारेको पत्र पठाईएकोमा तोकिएको म्यादभित्र आउनुपर्नेमा सम्बन्धित ठेकेदारले विविध कारण देखाई १० दिनभित्र मिति:२०७७।१०।२८ गतेका दिन सम्झौताको म्याद थप गरिदिनुहुन भन्ने आशयको पत्र समेत पेश गरेको र कार्यालयले सम्झौताको लागि आउन तोकेको मितिमा नआएको सम्बन्धमा कार्यपालिकामा छलफल हुँदा निजले कबोल अंकको दोस्रो किस्ता वापतको रकम रु.५५,२४,०००।- को प्रभु बैंक तौलिहवा शाखाको ग्यारेन्टी नं. P06001P217878 को बैंक ग्यारेन्टी पत्र समेत पेश गरिसकेकोले मिति:२०७७।११।०९ गते भित्र किस्ता, मुअकर र अग्रिम आयकर समेत भुक्तानी भएमा सम्बन्धीत ठेकेदारसंग सम्झौता गरी प्रक्रिया अगाडी बढाउने साथै ठे.नं.३५।०७७।७८ धिरिखोलाको आय ठेक्काको सूचना बमोजिम बुटवल उपमहानगरपालिका स्थित एम.आर.बिल्डर्स को बोलपत्र नगर कार्यपालिकाको मिति २०७७।१०।१८ को बैठकबाट स्वीकृत गरी सोही दिन सम्झौताको लागि पत्राचार गरिएकोमा हालसम्म निज सम्झौता गर्न नआएकोले निजको बोल कबोल रकम रु.१,८५,६१,३८४।- को ५% ले हुन आउने धरौटी रकम रु.९,२८,०६९।२० जफत गरि पुनः बोलपत्र आव्हानको सूचना गर्ने।

Scanned with CamScanner

| सि.नं. | विवरण | पुरानो घर (२०७२ भन्दा अघि बनेको) | | नयाँ घर | | २०७२ पछि भवन निर्माण स्वीकृत नगरेकोलाई अभिलेखिकरण दर रेट(रु) |
|---|---|---|---|---|---|---|
| | | परानो दर रेट(रु) | नयाँ दर रेट (रु) | पुरानो दर रेट(रु) | नयाँ दर रेट(रु) | |
| ११ | ट्रस सम्बन्धी निर्माण/घर निर्माण अन्य अरू कुनै सामाग्री प्रयोग गरेमा (प्रथम तल्ला,दोस्रो तल्ला) | १/-,२/- | ३/- | २/- | ५/- | ५/- |
| १२ | नक्सापास सम्बन्धी थप व्यवस्था र दस्तूरको दर | | | | | |
| क | मनासिव कारण विना तोकिइको अवधि भित्र घर सम्पन्न नगर्नेलाई वा प्रमाणपत्र नलैजानेलाई समयको आधारमा पहिला तिरेको करको ५ % थप दस्तुर लाग्ने छ | | | | | |

**नयाँ घरनक्साको राजश्वको दररेटको हकमा आ.व.२०७८।०७९ बाट मात्र लागु गर्ने ।**

## निर्णय न. ३

यस नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु हुनु पुर्व निर्माण भएको र स्थानीय सरकार संचालन ऐन, २०७७ को परिच्छेद ७ मा भवन निर्माण सम्बन्धी केही मापदण्ड र व्यवस्थाहरु थप भई आएकोले यस नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७२ (संसोधन, २०७७) स्वीकृत गर्ने ।

## निर्णय नं.४

बाणगंगा नगर कार्यपालिकाको मितिः२०७७।०९।२७ गतेको निर्णयानुसार ६० बर्ष उमेर पुरा भएका महिला स्वयंसेविका महिला स्वयंसेविकालाई उपलब्ध गराउने भनिएको रकम प्रदेश राजस्व बांडफांडको स्रोतबाट उपलब्ध गराउने ।

## निर्णय नं. ५

बाणगङ्गा नगरपालिकाको मितिः२०७७।१०।०६ को निर्णयानुसार भुमीहिन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित वसोबासीको तथ्याङ्क संकलन र व्यवस्थापनको लागि बाणगंगा नगरपालिकाको कार्यालयमा कार्यरत अधिकृत आठौंका श्री खिम बहादुर जि.सि.लाई संयोजकको रुपमा जिम्मेवारी दिईएकोले कार्यालयको काम र एकाईको काम अतिरिक्त समय समेत व्यवस्थापन गर्नुपर्ने भएकोले कार्यालयबाट उपलब्ध हुने कर्मचारी प्रोत्साहन भत्ता बाहेक थप ३०% अतिरिक्त पारिश्रमिक उपलब्ध गराउने र तथ्यांक संकलनमा खटिएका कर्मचारीहरुको प्रतिफर्म रु.७५।- उपलब्ध गराउने ।

## निर्णय नं.६

बाणगंगा नगर कार्यपालिकाको मितिः२०७७।०८।२६ गतेको निर्णयानुसार धमनि देउराली निर्माण सेवा ढोरपाटन बाग्लुङ्ले अघिल्लो बर्ष कोभिडका कारण प्रभावित भई उत्खनन तथा संकलन गर्न तोकिएको मध्ये बांकी परिमाण १७३८८ घनमिटर नदीजन्य पदार्थको उत्खनन गर्न वर्दहवा क्षेत्र र कपिलधाम क्षेत्र तोकिएकोमा उक्त स्थानमा नदीजन्य भन्दा बढी माटोको परिमाण देखिएको र कार्यालयबाट अनुगमन गर्दा समेत निर्माण कार्यमा प्रयोग गर्न नसकिने खालको नदीजन्य पदार्थ भएको भन्ने प्राविधिक मूल्यांकनबाट सुझाव आएको र १३५० घन मिटर नदिजन्य पदार्थ उत्खनन भई सकेकोले बांकी १६०३८ घनमिटर बाणगंगा नदीको खुटेनी बनगाई कस्वेको पूर्वउत्तर र दक्षिणपश्चिम स्थानबाट प्राविधिक नापजाँच गराई उत्खनन गर्न अनुमति दिने ।

Scanned with CamScanner

**निर्णय नं.७**

बाणगणंगा नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि निम्नानुसारकौ कर्मचारी करार सेवाबाट पदपूर्ती गर्ने

| सि.नं. | विज्ञापन नं. | पद | तह | मागपद संख्या | पदपूर्ती हुने स्थान | श्रोत |
|---|---|---|---|---|---|---|
| १. | ०८।०७७।७८ | मेडिकल अधिकृत | आठौं | १ | पिपरा अस्पताल | संघीय शसर्त |
| २. | ०९।०७७।७८ | रेडियोलोजिस्ट | नवौं | १ | पिपरा अस्पताल | आन्तरीक |
| ३. | १०।०७७।७८ | रोजगार संयोजक | छैठौं | १ | नगर कार्यपालिकाको कार्यालय | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ४. | ११।०७७।७८ | रेडियोग्राफर | पाँचौ | १ | पिपरा अस्पताल | संघीय शसर्त |
| ५. | १२।०७७।७८ | हे.अ. | पाँचौ | २ | पिपरा अस्पताल | संघीय शसर्त |
| ६. | १३।०७७।७८ | ल्याब टेक्निसियन | पाँचौ | १ | पिपरा अस्पताल | संघीय शसर्त |
| ७. | १४।०७७।७८ | फार्मेसी सहायक | पाँचौ | २ | पिपरा अस्पताल | आन्तरीक |
| ८. | १५।०७७।७८ | कम्प्युटर अपरेटर | पाँचौ | १ | पिपरा अस्पताल | आन्तरीक |
| ९. | १६।०७७।७८ | ल्याब असिस्टेण्ट | चौथो | २ | भलवाड स्वा.चौ./ पिपरा अस्प. | आन्तरीक |
| १०. | १७।०७७।७८ | अ.सव-ईन्जिनियर | चौथो | १ | नगर कार्यपालिकाको कार्यालय | कार्यालयको दरबन्दी |
| ११. | १८।०७७।७८ | अ.हे.व. | चौथो | २ | पिपरा अस्पताल | आन्तरीक |
| १२. | १९।०७७।७८ | अ.न.मी. | चौथो | १ | पटना स्वास्थ्य चौकी | आन्तरीक |
| १३. | २०।०७७।७८ | लघु उद्यम सहजकर्ता | चौथो | १ | नगर कार्यपालिकाको कार्यालय | लघुउद्दम विकास कार्यक्रम |
| १४. | २१।०७७।७८ | नगर प्रहरी | जवान | ६ | नगर कार्यपालिकाको कार्यालय | आन्तरीक |
| १५. | २२।०७७।७८ | दमकल चालक | ठू.स.चा. प्रथम | १ | नगर कार्यपालिकाको कार्यालय | आन्तरीक |
| १६. | २३।०७७।७८ | सुरक्षा गार्ड | विहिन | १ | पटना स्वास्थ्य चौकी | आन्तरीक |
| १७. | २४।०७७।७८ | फायरमेन दमकल सहयोगी | विहिन | २ | नगर कार्यपालिकाको कार्यालय | आन्तरीक |
| १८. | २५।०७७।७८ | कार्यालय सहयोगी | विहिन | २ | बाणगंगा न.पा./ पिपरा अस्पताल | आन्तरीक, (पिपरा आन्तरीक) |

**निर्णय नं. ८**

यस नगरपालिकाको मितिः२०७७।११।०७ मा हुने आठौं नगरसभामा चालु आ.व.०७७।७८ को अर्धबार्षिक समीक्षा अनुसूची-१ मा उल्लेख भए बमोजिम प्रस्तुत गर्ने ।

**निर्णय नं. ९**

अनुसूची -२ मा उल्लेख भए अनुसारका योजना तथा कार्यक्रमहरु आठौं नगरसभामा संसोधन स्वीकृतीका लागि सिफारिस गर्ने ।

Scanned with CamScanner

